प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

**नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन**

मितिः २०७७/०६/२९

(बेलुका ५:०० बजे)

## ❖ बागमती प्रदेशमा संक्रमणको अवस्था:

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब अढचालिस प्रतिशत (४७.९०%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढीरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १२१७४५ (१००%) | ५८३१७ (१००%) |
| निको भएको | ८४५१८ (६९.४%) | ३४९८४ (५९.९%) |
| उपचाररत | ३६५३३ (३०.०%) | २३०२८ (३९.५%) |
| मृत्यु भएको | ६९४ (०.५७%) | ३०५ (०.५२%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२९ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२९ |

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:







स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/२९

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

### ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

गत २४ घण्टामा १७५ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ (काठमाण्डौ उपत्यकाभित्र १३४ र बाहिर ४१) जसमध्ये ५६ जना भेन्टिलेटरमा हुनुहुन्छ (काठमाण्डौ उपत्यकाभित्र ४९ र बाहिर ७) ।

### ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

काठमाण्डौ - ४, सिन्धुपाल्चोक - २, भक्तपुर - २, काभ्रेपलान्चोक - १, रामेछाप — १, ललितपुर - १
**(कुल जम्मा - ११)**

### ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- बानेश्वर, काठमाण्डौका ६३ वर्षीय पुरुषलाई स्ट्रोक भई असोज २४ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २८ गते निधन भएको छ । उहाँको असोज २४ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो । डल्लु, काठमाण्डौकी ८७ वर्षीया महिलालाई निमोनिया भई असोज २१ गते मेडिसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २८ गते निधन भएको छ । उहाँको असोज २१ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ उच्च रक्तचाप र मुटुरोगले ग्रसित हुनुहुन्थ्यो । सोह्रखुट्टे, काठमाण्डौका ६४ वर्षीय पुरुषलाई निमोनिया र शक भई असोज ६ गते स्टार अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २७ गते निधन भएको छ ।उहाँको असोज २१ गते कोभिड-१९ पुष्टि भएको थियो । ठुलो भर्याङ, काठमाण्डौका ४८ वर्षीय पुरुषलाई निमोनिया र श्वासप्रश्वासमा समस्या भई भई असोज १८ गते वयोधा अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २८ गते निधन भएको छ । उहाँको असोज १५ गते कोभिड-१९ पुष्टि भएको थियो ।
- सिन्धुपाल्चोकका ६० वर्षीय पुरुषलाई निमोनिया भई असोज २१ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २८ गते निधन भएको छ । उहाँको असोज २२ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ रक्तअल्पता र मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो | सिन्धुपाल्चोकका ६१ वर्षीय पुरुषलाई असोज २६ गते अल्का अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र मृगौला र पेटको समस्याले ग्रसित हुनुहुन्थ्यो।
- ठिमी, भक्तपुरका ८६ वर्षीय पुरुषलाई भाद्र ३१ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको भाद्र ३१ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र दमले ग्रसित हुनुहुन्थ्यो | ब्यासी, भक्तपुरका ३७ वर्षीय पुरुषलाई असोज १७ गते अल्का अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २७ गते निधन भएको छ ।उहाँको असोज १८ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ निमोनिया र कलेजोको समस्याले ग्रसित हुनुहुन्थ्यो |
- धुलिखेल, काभ्रेपलान्चोककी ८८ वर्षिया महिलालाई असोज २८ गते वयोधा अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ ।उहाँको असोज २८ गते नै कोभिड-१९ पुष्टि भएको थियो । ब्यासी, भक्तपुरका ३७ वर्षीय पुरुषलाई असोज १७ गते अल्का अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा

असोज २७ गते निधन भएको छ ।उहाँको असोज १८ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ निमोनिया र कलेजोको समस्याले ग्रसित हुनुहुन्थ्यो | रामेछापका १०० वर्षीय पुरुषलाई असोज १७ गते श्री विरेन्द्र अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २८ गते निधन भएको छ ।उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दम, उच्च रक्तचाप र न्युरो समस्याले ग्रसित हुनुहुन्थ्यो | इमाडोल, ललितपुरका ८५ वर्षीय पुरुषलाई असोज २० गते किस्ट अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दम र उच्च ग्रसित हुनुहुन्थ्यो | उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

- हालसम्म बागमती प्रदेशमा ७६३७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ३११ जना बसिरहनुभएको छ भने १३९५ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४५९५ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७२६ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १५२२८ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा १०६८२८ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेस भएको तर स्थनीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समाबेस गर्न नासकीयकोले स्वाबको संख्या कम देखिएको छ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यबस्थित गर्दै लगिने छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | ९३२८ | २६४६६ | ४००६६ | १६९३ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | ३१८ | ११२३४ | ५६१३ | १०८ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | ८२३ | ११५२५ | ३८७९ | १३४ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ० | १३०० | ३२ | | |
| नुवाकोट | ५४९ | ३ | २१ | ४० | १९ | २४३ | ५२८२ | ३४९ | ८ | |
| धादिङ | ३१५ | २ | १८ | १३७ | ५१ | ६० | ४५७५ | ८०९ | ११७ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १३२७ | १५७७९ | ३२४० | ६२ | |
| सिन्धुली | ३१३ | ५ | १९ | ४३ | २१ | ४४२ | ३६०६ | ३०० | १२ | |
| मकवानपुर | १५५ | ४ | ४ | २४५ | ७७ | ५ | १२८३२ | २२०५ | ९० | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ३९ | १४७९ | २७३ | ९ | |
| दोलखा | १९३ | ३ | ३५ | ४४ | ६ | २४७५ | २२५३ | १९३ | ५ | |
| काभ्रेपलान्चोक | ६२२ | २३ | ६७ | १७६ | ८४ | ६२ | ५६६२ | १०४७ | ६७ | |
| सिन्धुपाल्चोक | ७५४ | १२ | १०१ | १२६ | ५३ | १०६ | ४८३५ | ३११ | १३ | |
| जम्मा | **७६३७** | **३११** | **१३९५** | **४५९५** | **३७२६** | **१५२२८** | **१०६८२८** | **५८३१७** | **२३१८** | |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख ; ***केहि** होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको; # संक्रमितको संख्या हिजो संलग्न नगरिएको विवरण आज जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य:**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २७२८७ | २११ | ३५९ | १७१ जना: मकवानपुर-१६०, भक्तपुर-२, चितवन-१, दोलखा-१, नुवाकोट-१, फलोअप-६ | १८८ | |

आज धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश:** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड१९ संकट ब्यबस्थापन केन्द्र:** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा:** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन / नेपाल:** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई